नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२७४ दायर मितिः-२०८१/११/०६**

**फैसला मितिः-२०८१/१२/११**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **राकेश प्रसाद यादव समेतको जाहेरीले नेपाल सरकार.........................१** | **जिल्ला पर्सा बिरगंज महानगरपालिका वडा नं.२८ बस्ने प्रभु पटेलको छोरा बर्ष १८ को सुमित पटेल समेत ३ जना .......१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीहरुले जाहेरवालासमेतलाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी प्रतिवेदन.।
२. प्रतिवादीहरुले जाहेरवालासमेतलाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामीले जहेरवालासमेतसँग वाद विवाद तथा झै झगडा गरी अभद्र व्यवहार गरेको हुँद प्रहरीले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।
४. जाहेरवालासमेतलाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको ले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका मनिस सिंह राजपुत समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

ठहर-खण्ड

यसमा प्रतिवादीहरु संदिप पटेलले गरेको साविती बयान र अर्का प्रतिवादीहरु सुमित पटेल र संदिप सहनीले ईन्कारी बयान गरेतापनि, मिति २०८१।१०।२७ गते राती अं.२२:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१४ नहर सडक खण्डमा म जाहेरवाला राकेश प्रसाद यादव र भान्जा उमेश प्रसाद यादवले उखु लोड रहेको ट्याक्टर चलाई जाने क्रममा प्रतिवादीहरु सुमित पटेल, संदिप कुमार पटेल र संदिप सहनी समेत भई अन्य ६/७ जना व्यक्तिहरुले बाटो छेकी निजहरुलाई अश्लिल गाली गलौज गरी हातपात कुटपिट गरी घाईते बनाई अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत ब्यहोरको राकेश प्रसाद यादव समेतको संयुक्त जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवाला राकेश प्रसाद यादव र भान्जा उमेश प्रसाद यादव उखु लोड रहेको ट्याक्टर चलाई जाने क्रममा प्रतिवादीहरु सुमित पटेल, संदिप कुमार पटेल र संदिप सहनी समेतले बाटो छेकी निजहरुलाई अश्लिल गाली गलौज गरी हातपात कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु सुमित पटेल, संदिप कुमार पटेल र संदिप सहनीलाई कैद दिन ८, जनही जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार र जनही क्षतिपूर्ती शुल्क रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु सुमित पटेल, संदिप कुमार पटेल र संदिप सहनीलाई ठहरेको कैद दिन ८ को हकमा निजहरु मिति २०८१/१०/२८ देखि २०८१/११/०५ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा निजहरुले क्रमशः र.नं.२४१, २४२ र २४३/२०८१/११/०६ बाट दाखिला गरेको जनही धरौटी रकम रु.५२००/- बाट जनही जरिवाना रकम रु.५०००/- र जनही क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु---------------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना ११ गते सोमवार रोज २/ ने.सं. ११४५ चिल्लागा दशमी, शुभम् ........